# नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४

**प्रस्तावना**

वि.सं.१९२०मा नेपालको पूर्वी क्षेत्र इलामबाट शुरुवात भएको चिया खेती, हिमाली क्षेत्रको तल्लो भू-भाग तथा मध्य पहाडी क्षेत्रको विशेष चिनारी सहित यस क्षेत्रमा बसोवास गर्ने अधिकतम साना किसानको परिश्रम तथा चिया खेतिको संस्कारबाट प्रभावित भई व्यवसायिक खेती तथा उत्पादनबाट हालको अवस्थासम्ममा भएको परिमाण र गुणस्तरमा वृद्धि तथा सम्बन्धित चिया व्यवसायीहरुले हाँसिल गरेको व्यवसायिक क्षमताको बारेमा विश्वका चिया व्यवसायी तथा उपभोक्ताहरुलाई अवगत गराउन तथा गुणस्तरमा विश्वास दिलाउन एउटा सर्टिफिकेसन ट्रेडमार्कको आवश्यकता महसुस गरिएकोले मध्य तथा उच्च पहाडी क्षेत्रमा भौगोलिक उत्पत्तिको पहिचान सहित उत्पादित अर्थोडक्स, ग्रीन टि तथा अन्य स्पेसियालिटी चियाको उत्पादन, प्रशोधन र बजारीकरणमा प्रयोग गर्ने प्रयोजनको लागि यो निर्देशिका लागु गरिएको छ ।

**उद्देश्य**

क) नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्कको समुचित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
ख) प्राङ्गारिक चियालाई प्रवर्द्धन गर्दै स्वदेशी तथा विदेशी उपभोक्ताहरुलाई नेपाली चिया प्रति आर्कषण बढाउने,
ग) नेपाली अर्थोडक्स चियाको अन्तर्राष्ट्रिय बजार विस्तार एवं विकास गर्ने,
घ) चिया उत्पादक, प्रशोधक, निर्यातकर्ता तथा चिया व्यवसायीहरुको सामुहिक प्रतिस्पर्धात्मक क्षमता विकासमा सहयोग पुऱ्याउने ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४" रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
(क) "बोर्ड" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई सम्झनुपर्छ ।
(ख) "निर्देशिका" भन्नाले नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४" लाई सम्झनुपर्छ ।
(ग) "अर्थोडक्स चिया" भन्नाले मध्य तथा उच्च पहाडी क्षेत्रमा *Camelia sinensis L(O) Kuntz* जातको बिरुवाको पात, पालुवा, कलिला डाँठबाट मात्र तयार गरिएको र पेय पदार्थको लागि अर्थोडक्स विधीबाट प्रशोधन गरिएको ब्ल्याक टी, ग्रीन टी तथा स्पेसियालिटी टी समेतलाई सम्झनुपर्छ ।
(घ) "मार्क" भन्नाले दफा ३ उपदफा (१) बमोजिमको नेपाली अर्थोडक्स चियाको गुणस्तरिय प्रतिक चिन्ह "Nepal Tea Quality from the Himalayas" सर्टिफिकेसन मार्कलाई सम्झनुपर्छ ।
(ङ) "भौगोलिक उत्पत्तीको पहिचान" भन्नाले खास भौगोलिक क्षेत्रमा उत्पादन भई त्यस भौगोलिक क्षेत्रको गुण विशेषता र साख झल्काउने उत्पादनलाई सम्झनुपर्छ ।
(च) "समिति" भन्नाले दफा १० बमोजिम गठित मार्क अनुगमन, व्यवस्थापन तथा नियमन समिति लाई सम्झनुपर्छ ।
(छ) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा ८ बमोजिम गठन भएको बोर्डको कार्यसञ्चालन समितिलाई सम्झनुपर्छ ।
(ज) "सदस्य" भन्नाले बोर्डमा आवद्ध भएका सदस्यहरु मध्ये यस निर्देशिका लागु हुन योग्य सदस्यहरुलाई सम्झनुपर्छ ।
(झ) "निवेदक" भन्नाले दफा ५ उपदफा (१) बमोजिम मार्क प्रयोग गर्न अनुमती लिन इच्छुक सदस्यलाई सम्झनुपर्छ ।
(ञ) "चिया व्यवसायी" भन्नाले चियाको खेती, प्रशोधन, आयात, निर्यात, चिया प्याकिङ्ग र बजार व्यवस्थापन गर्ने फर्म, संगठित संस्था वा चिया सहकारी संघ लाई सम्झनुपर्छ ।

# नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४

**प्रस्तावना**

वि.सं.१९२०मा नेपालको पूर्वी क्षेत्र इलामबाट शुरुवात भएको चिया खेती, हिमाली क्षेत्रको तल्लो भू-भाग तथा मध्य पहाडी क्षेत्रको विशेष चिनारी सहित यस क्षेत्रमा बसोवास गर्ने अधिकतम साना किसानको परिश्रम तथा चिया खेतिको संस्कारबाट प्रभावित भई व्यवसायिक खेती तथा उत्पादनबाट हालको अवस्थासम्ममा भएको परिमाण र गुणस्तरमा वृद्धि तथा सम्वन्धित चिया व्यवसायीहरुले हाँसिल गरेको व्यवसायिक क्षमताको बारेमा विश्वका चिया व्यवसायी तथा उपभोक्ताहरुलाई अवगत गराउन तथा गुणस्तरमा विश्वास दिलाउन एउटा सर्टिफिकेसन ट्रेडमार्कको आवश्यकता महसुस गरिएकोले मध्य तथा उच्च पहाडी क्षेत्रमा भौगोलिक उत्पत्तिको पहिचान सहित उत्पादित अर्थोडक्स, ग्रीन टि तथा अन्य स्पेसियालिटी चियाको उत्पादन, प्रशोधन र बजारीकरणमा प्रयोग गर्ने प्रयोजनको लागि यो निर्देशिका लागु गरिएको छ।

**उद्देश्य**

क) नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्कको समुचित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
ख) प्राङ्गारिक चियालाई प्रवर्द्धन गर्दै स्वदेशी तथा विदेशी उपभोक्ताहरुलाई नेपाली चिया प्रति आर्कषण बढाउने,
ग) नेपाली अर्थोडक्स चियाको अन्तर्राष्ट्रिय बजार विस्तार एवं विकास गर्ने,
घ) चिया उत्पादक, प्रशोधक, निर्यातकर्ता तथा चिया व्यवसायीहरुको सामुहिक प्रतिस्पर्धात्मक क्षमता विकासमा सहयोग पुऱ्याउने।

**परिच्छेद - १**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४" रहेको छ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
(क) "वोर्ड" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई सम्झनुपर्छ।
(ख) "निर्देशिका" भन्नाले नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४" लाई सम्झनुपर्छ ।
(ग) "अर्थोडक्स चिया" भन्नाले मध्य तथा उच्च पहाडी क्षेत्रमा *Camelia sinensis L(O) Kuntz* जातको विरुवाको पात, पालुवा, कलिला डाँठवाट मात्र तयार गरिएको र पेय पदार्थको लागि अर्थोडक्स विधीवाट प्रशोधन गरिएको ब्ल्याक टी, ग्रीन टी तथा स्पेसियालिटी टी समेतलाई सम्झनुपर्छ।
(घ) "मार्क" भन्नाले दफा ३ उपदफा (१) बमोजिमको नेपाली अर्थोडक्स चियाको गुणस्तरिय प्रतिक चिन्ह "Nepal Tea Quality from the Himalayas" सर्टिफिकेसन मार्कलाई सम्झनुपर्छ।
(ङ) "भौगोलिक उत्पत्तीको पहिचान" भन्नाले खास भौगोलिक क्षेत्रमा उत्पादन भई त्यस भौगोलिक क्षेत्रको गुण विशेषता र साख झल्काउने उत्पादनलाई सम्झनुपर्छ।
(च) "समिति" भन्नाले दफा १० वमोजिम गठित मार्क अनुगमन, व्यवस्थापन तथा नियमन समिति लाई सम्झनुपर्छ।
(छ) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को दफा ८ वमोजिम गठन भएको वोर्डको कार्यसञ्चालन समितिलाई सम्झनुपर्छ।
(ज) "सदस्य" भन्नाले बोर्डमा आवद्ध भएका सदस्यहरु मध्ये यस निर्देशिका लागु हुन योग्य सदस्यहरुलाई सम्झनुपर्छ।
(झ) "निवेदक" भन्नाले दफा ५ उपदफा (१) वमोजिम मार्क प्रयोग गर्न अनुमती लिन इच्छुक सदस्यलाई सम्झनुपर्छ।
(ञ) "चिया व्यवसायी" भन्नाले चियाको खेती, प्रशोधन, आयात, निर्यात, चिया प्याकिङ्ग र वजार व्यवस्थापन गर्ने फर्म, संगठित संस्था वा चिया सहकारी संघ लाई सम्झनुपर्छ।

कार्यकारी निर्देशक

(ट) "उत्पादक" भन्नाले चिया बगानमा चिया रोप्ने, टिप्न योग्य बनाउने, टिपेको हरियो पत्ती संकलन केन्द्र, ढुवानीकर्ता वा प्रशोधनकर्तालाई दिने काममा संलग्न व्यक्तिगत किसान, समुह, फर्म, संगठित संस्था वा सहकारीलाई सम्झनुपर्छ ।

(ठ) "संकलन केन्द्र" भन्नाले उत्पादकले चिया बगानबाट टिपेको हरियो पत्तीलाई प्रशोधन कारखानामा लानु अघि जम्मा गर्ने मापदण्ड पुरा गरेको स्थानलाई सम्झनुपर्छ ।

(ड) "प्रशोधनकर्ता" भन्नाले उत्पादक वा संकलन केन्द्रबाट प्राप्त हरियो पत्तीलाई प्रशोधन गरी अन्तिम उत्पादन गर्ने काममा संलग्न फर्म, संगठित संस्था वा सहकारीलाई सम्झनुपर्छ ।

(ढ) "प्याकेजर" भन्नाले प्रशोधनकर्ताबाट प्राप्त विभिन्न ग्रेडका तयारी चियालाई विभिन्न अनुपातमा मिश्रण गरेर वा नगरेर होलसेल वा खुद्रा विक्रीका लागि विभिन्न परिमाणमा प्याकिङ्ग गर्ने काममा संलग्न फर्म, संगठित संस्था वा सहकारीलाई सम्झनुपर्छ ।

(ण) "वितरक" भन्नाले प्याकेजर वा सिधै प्रशोधनकर्ताबाट प्राप्त विभिन्न परिमाणमा प्याकिङ्ग गरिएको चियालाई नेपाल वा अन्तर्राष्ट्रिय बजारमा विक्री वितरण गर्ने फर्म, संगठित संस्था वा सहकारीलाई सम्झनुपर्छ ।

(त) "निर्यातकर्ता" भन्नाले नेपालमा उत्पादन तथा प्रशोधन भएका चियालाई नेपाल बाहिर पठाउने काममा संलग्न फर्म, संगठित संस्था वा सहकारीलाई सम्झनुपर्छ ।

(थ) "ढुवानीकर्ता" भन्नाले एक ठाउँमा उत्पादन वा प्रशोधन भएको चियालाई अर्को ठाउँमा पुऱ्याउन संलग्न हुने फर्म, संगठित संस्था वा सहकारीलाई सम्झनुपर्छ ।

(द) "प्रयोगकर्ता" भन्नाले तयारी चिया विक्री गर्ने उद्देश्यले दफा ५ बमोजिम इजाजत लिई प्याकेटको लेभलमा मार्क प्रयोग गर्ने प्रशोधनकर्ता वा प्याकेजरलाई सम्झनुपर्छ ।

(ध) "इजाजतपत्र" भन्नाले मार्क प्रयोग गर्न प्रयोगकर्तालाई अधिकार प्राप्त अधिकारीले अनुसूची-४ बमोजिम दिएको पत्रलाई सम्झनुपर्छ ।

(न) "सेवा शुल्क" भन्नाले मार्क प्रयोग गरे बापत प्रयोगकर्ताले दफा १७ बमोजिम तिर्नु पर्ने शुल्कलाई सम्झनुपर्छ ।

(प) "अधिकार प्राप्त निकाय" भन्नाले बोर्डले मार्क सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी वा अन्य अधिकार दिएको संघ संस्थालाई सम्झनुपर्छ ।

(फ) "आन्तरिक नियन्त्रण प्रणाली" भन्नाले प्राङ्गारिक प्रमाणिकरणका लागि उत्पादक तथा प्रशोधनकर्ताले व्यक्तिगत तथा समूहगत स्तरमा गुणस्तर नियन्त्रण गर्न कायम गरेको प्रणालीलाई सम्झनुपर्छ ।

(ब) "उत्पत्ती पहिचान" भन्नाले चियाको उत्पादनका लागि हरियोपत्ती उत्पादन देखि तयारी चिया प्याकिङ्गसम्मका सम्पुर्ण चरणहरुलाई पहिचान गर्न सक्ने माध्यमलाई सम्झनुपर्छ ।

३. **सर्टिफिकेसन ट्रेडमार्कको परिचय** : नेपाली अर्थोडक्स चियाको सर्टिफिकेसन ट्रेडमार्क देहाय बमोजिम हुनेछ:-

(१) सेतो वा कालो रंगको पृष्ठभूमिमा खरानी वा सेतो रंगले दुईवटा हिमालको आकार सहित अङ्ग्रेजीमा NEPAL अनि हरियो रंगले TEA र त्यसको ठीक मूनि खरानी वा सेतो रंगले QUALITY FROM THE HIMALAYAS लेखिएको हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए अनुसारको सर्टिफिकेसन ट्रेडमार्क अनुसूचि-१ बमोजिम हुनेछ ।

## परिच्छेद - २
## मार्क प्रयोग सम्बन्धी व्यवस्था

४. **स्वामित्व तथा प्रयोग** : (१) मार्कको स्वामित्व बोर्डसँग रहनेछ ।

(२) मार्क बोर्डमा आवद्ध प्रशोधनकर्ता वा प्याकेजर वा दफा ७ उपदफा (१) बमोजिमको संघ संस्थाले मात्र प्रयोग गर्न सक्नेछ ।

(३) मार्क मध्य तथा उच्च पहाडी क्षेत्रमा उत्पादित अर्थोडक्स चियाको लागि मात्र प्रयोग गरिनेछ ।

(४) मार्क प्रयोगकर्ताले उक्त मार्कलाई थपघट नगरी वा कुनै प्रकार संशोधन नगरी प्याकेटको लेवल वा अन्य भागमा प्रयोग गर्नुपर्नेछ ।

५. **मार्क प्रयोग गर्न इजाजतपत्र लिनु पर्ने** : (१) यस निर्देशिका बमोजिम नेपाली अर्थोडक्स चियाको गुणस्तर

कार्यकारी निर्देशक

कायम राख्ने गरी मार्क प्रयोग गर्न इच्छुक प्रशोधनकर्ता वा प्याकेजर सदस्यले रु एक हजारको आवेदन शूल्क तिरेर अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिई दफा १० बमोजिमको समितिमा पेश गर्नुपर्नेछ ।

(२) उक्त निवेदन उपर कारवाही गर्दा आवश्यक परेमा समितिले थप कागजजात माग गरी जाँचबुझ गर्न तथा आवश्यक देखेमा समितिले स्थलगत अवलोकन समेत गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (१) अनुसार परेका निवेदन उपर समितिले निवेदन प्राप्त भएको ३० दिन भित्र निर्देशिकामा उल्लेखित आचार संहिता तथा स्थलगत अवलोकनको प्रतिवेदनका आधारमा मार्क प्रयोग गर्न दिने वा नदिने सूचना सम्बन्धीत निवेदकलाई जानकारी गराइसक्नुपर्नेछ ।

(४) निवेदकलाई मार्क प्रयोग गर्न नदिने निर्णय भएमा कारण समेत खोली जानकारी गराउनुपर्नेछ । त्यस्तो निवेदकले फेरि छ महिना पछि मार्क प्रयोगको लागि पुन: आवेदन दिन सक्नेछ ।

(५) उपदफा (३) अनुसारको निर्णय उपर चित्त नवुझे निवेदकले सो निर्णय भएको मितिले तीस दिन भित्र बोर्डको कार्यकारी समितीमा पुनरावेदन दिईसक्नुपर्नेछ । उक्त पुनरावेदन उपर बोर्डको कार्यकारी समितीले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(६) परिच्छेद-३ बमोजिमको आचार संहिता र शर्त पालना गरेको निवेदकलाई मात्र समितीको सिफारिसमा बोर्ड वा अधिकार प्राप्त निकायले अनुसूची - ४ बमोजिमको ढाँचामा मार्क प्रयोग इजाजतपत्र दिनेछ ।

६. **नविकरण गर्नु पर्ने** : (१) मार्क प्रयोगकर्ताले आफुले मार्क प्रयोग गरी विक्री गरेको चियाको विवरण खुलाई प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ ।

(२) मार्क प्रयोग गर्न पाउने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा दफा १७ बमोजिमको सेवा शुल्क र आवश्यक कागजात सहित नविकरणका लागि समितिमा पेश गर्नु पर्नेछ ।

७. **बजार प्रवर्द्धन तथा व्यवस्थापन करार गर्न सक्ने** : (१) अन्तर्राष्ट्रिय बजारमा नेपाली अर्थोडक्स चिया र मार्कको बजार प्रवर्द्धन गर्ने उद्देश्यले बोर्डले कुनै फर्म वा संघ संस्थाहरुसँग करार सम्झौता गरी वेभसाइट, प्रकाशन तथा अन्य प्रचारात्मक सामाग्रीमा मार्क प्रयोग गर्न अनुमती दिन सक्नेछ ।

(२) बोर्डले मार्क सञ्चालन तथा व्यवस्थापनका लागि स्वामित्व बोर्डसँग नै रहने गरी बोर्ड आफै वा केन्द्रीयस्तरका संगठित संघ संस्थालाई कार्यविधी वनाई करार गरी सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ ।

## परिच्छेद - ३
## प्रयोगकर्ताले पालन गर्नुपर्ने आचार संहिता र शर्तहरु

८. **आचार संहिता पालना गर्नुपर्ने** : (१) अनसूची-७ बमोजिमको आचार संहिता पालना गरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण गरिएको चियामा मात्र मार्क प्रयोग गर्न पाइनेछ ।

(२) उपदफा (१) बमोजिमको आचार संहितामा समय अनुसार समितिको सिफारिसमा बोर्डले आवश्यक संशोधन गर्न सक्नेछ ।

९. **मार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तहरु** : मार्क प्रयोगकर्ताले निम्न वमोजिमका शर्तहरु अनिवार्य पालना गर्नुपर्नेछ ।

(१) दफा ५ बमोजिमको इजाजतपत्र लिएर मात्र मार्क प्रयोग गर्न सकिनेछ ।

(२) मार्क अर्थोडक्स चियाको लागि मात्र प्रयोग गर्न सकिनेछ ।

(३) मार्क निर्यात तथा आन्तरिक बजार दुवैमा विक्री हुने चियामा प्रयोग गर्न सकिनेछ ।

(४) प्रयोगकर्ताले मार्क प्रयोग गरी विक्री गरेको चियाको परिमाण खुलाई दफा ६ बमोजिम नविकरण गर्नुपर्नेछ ।

(५) मार्क प्रयोग गरे वापत प्रयोगकर्ताले दफा १७ बमोजिम सेवा शूल्क तिर्नु पर्नेछ ।

(६) प्रयोगकर्ताले चियाको उत्पत्ती पहिचान (Product Traceability) का लागि व्यवस्था मिलाएको हुनुपर्नेछ ।

कार्यकारी निर्देशक

(७) दफा ८ उपदफा (१) बमोजिमको आचार संहिता पालना गरी चिया उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण गरेको हुनुपर्नेछ।

(८) समितीले कुनै पनि बेला पूर्व सुचना दिएर वा नदिएर मार्क प्रयोगकर्ताको चिया उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण प्रणालीको स्थलगत निरीक्षण गर्न, गराउन सक्नेछ।

(९) उपदफा (८) बमोजिम स्थलगत निरीक्षणमा प्रयोगकर्ताले पालना गर्नुपर्ने कुनै आचार संहिता वा शर्त पालना नगरेको पाइएमा समितीको सिफारिसमा बोर्डले उक्त प्रयोगकर्तालाई दफा-१६ बमोजिम कारवाही गर्न सक्नेछ।

## परिच्छेद - ४
## मार्क अनुगमन, व्यवस्थापन तथा नियमन समिति

१०. **मार्क अनुगमन, व्यवस्थापन तथा नियमन समिति** : (१) बोर्डको कार्यकारी निर्देशकको संयोजकत्वमा नौ सदस्य मार्क अनुगमन, व्यवस्थापन तथा नियमन समिति रहनेछ :

| | |
|---|---|
| (क) बोर्डको कार्यकारी निर्देशक | - अध्यक्ष |
| (ख) प्रतिनिधी, हिमालयन अर्थोडक्स टि प्रोड्युशर्स एशोसियशन | - उपाध्यक्ष |
| (ग) प्रतिनिधी, कृषि विकास मन्त्रालय | - सदस्य |
| (घ) प्रतिनिधी, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | - सदस्य |
| (ङ) प्रतिनिधी, केन्द्रीय चिया सहकारी संघ नेपाल | - सदस्य |
| (च) प्रतिनिधी, स्पेसियालिटी टि एशोसियशन नेपाल | - सदस्य |
| (छ) गुणस्तर तथा चिया प्रविधि सम्बन्धी व्यवसायी वा विज्ञ दुई जना (समितिवाट मनोनित) | - सदस्य |
| (ज) बोर्डको अधिकृतस्तरको कर्मचारी | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समिति गठन भएको तीन वर्ष पछि केन्द्रीयस्तरका चिया व्यवसायीको संघहरु मध्येवाट संघ दर्ता मितिको बरिष्ठताको क्रममा तीन तीन वर्षको पालो गरी नयाँ उपाध्यक्षको चयन गरिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले उपयुक्त सम्झेको अन्य व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ।

११. **समितिको बैठक** : (१) समितिको बैठक वर्षमा कम्तिमा चार पटक अध्यक्षले तोकेको ठाउँ र मितिमा बस्नेछ।

(२) समितिको बैठक सम्वन्धी सूचना अध्यक्षको निर्देशन अनुसार समितिको सदस्य-सचिवले कम्तिमा सात दिन अगाडि नै समितिका प्रत्येक सदस्यहरुलाई दिनु पर्नेछ।

(३) समितिमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

(५) कुनै बैठकको एजेण्डामा समितिको सदस्यसँग नै गाँसिएको विषय, विवाद वा छानविन भए उक्त सदस्यले बैठकमा सहभागी हुन पाउने छैन।

(६) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मार्क प्रयोगको लागि परेका निवेदन उपर आवश्यक कारवाही गर्ने, गराउने;

(ख) निवदकले पेश गरेका कागजात अध्ययन तथा छानबिन गरी आवश्यक परेमा थप कागजात माग गर्ने, गराउने;

(ग) निवेदन उपर छानविन गरी निवेदकलाई मार्क प्रयोगको इजाजतपत्र दिने वा नदिने वारे वोर्डलाई सिफारिस गर्ने;

(घ) मार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तहरु पालना गरेको छ वा छैन स्थलगत निरीक्षण गर्ने, गराउने;

(ङ) दफा ८ उपदफा (१) बमोजिमका आचार संहिताहरु पुरा गरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण भएको चियामा मात्र मार्क प्रयोग भएको छ वा छैन अनुगमन तथा निरीक्षण गर्ने,

कार्यकारी निर्देशक

गराउने;

(च) आचार संहिता पालना नभएको भनी परेको उजुरी बारे आवश्यक छानविन गरी बोर्डलाई आवश्यक कारबाहीको लागि सिफारिस गर्ने;

(छ) यस समितिको अन्य काम, कर्तव्य, अधिकार वा कार्यक्षेत्र बोर्डले तोके बमोजिम हुनेछ ।

१३. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## निर्देशिका उल्लंघन, छानविन तथा सजाय

१४. **निर्देशिका उल्लंघन** : देहायको अवस्थामा निर्देशिका उल्लंघन भएको मानिनेछ :

(क) इजाजतपत्र विना वा नविकरण नगरी अनाधिकृत रुपमा मार्क प्रयोग गरेमा,

(ख) दफा ८ उपदफा (१) बमोजिमका आचार संहिताहरु पालना नगरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा वितरण भएको चियामा मार्क प्रयोग भएमा,

(ग) दफा ९ बमोजिमा शर्तहरु उल्लंघन भएको पाइएमा ।

१५. **छानविन** : (१) कुनै प्रयोगकर्ताले निर्देशिका उल्लंघन गरेको उजुरी परेमा वा समितिमा जानकारी प्राप्त भएमा समितिले छानविन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा सम्वन्धित प्रयोगकर्ताले आचार संहिता उल्लंघन गरेको देखिएमा समितिको सिफारिसमा बोर्डले सम्बन्धित प्रयोगकर्तालाई आचार संहिता उल्लंघन गरेको विषय र निजले भविष्यमा गर्नु पर्ने सुधारका विषयहरु स्पस्ट रुपमा खुलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी गराउँदा सम्बन्धित प्रयोगकर्ताले जानकारी पाएको मितिले पन्ध्र दिन भित्र बोर्डलाई जवाफ दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको जवाफमा सम्बन्धित प्रयोगकर्ताले आफू उपर लागेको आरोप स्वीकार गरी त्यस अनुरुप कार्यान्वयन तथा सुधार गर्ने कुरामा सहमत हुने आधार पेश भएमा बोर्डले एक्काईस दिन भित्र सोही बमोजिम कार्यान्वयन गर्न वा सो सम्वन्धि अन्य आदेश दिनेछ ।

(५) उपदफा (३) बमोजिम दिएको जवाफ सन्तोषजनक नभएमा वा जवाफ नै नदिएमा बोर्डले दफा (१६) बमोजिम कारवाही गर्नेछ ।

१६. **कारबाही** : मार्क प्रयोगकर्ताले परिच्छेद-३ बमोजिमका आचार संहिता तथा शर्तहरु उल्लंघन गरेको ठहर गरेमा उल्लंघनको गम्भिरता समेतलाई दृष्टिगत गरी समितिको सिफारिसमा बोर्डले देहाय मध्ये कुनै एक वा एकभन्दा वढी सजाय गर्नेछ :

(क) सचेत गराउने,

(ख) निश्चित अवधि वा परिमाणको चिया खुलाई मार्क प्रयोग भएको चिया विक्री गर्न बन्चित गर्ने,

(ग) मार्क प्रयोग भई चिया बिक्री भएको रकमको दस प्रतिशतसम्म जरिवाना गर्ने,

(घ) मार्क प्रयोग भएको चिया जफत गर्ने,

(ङ) निश्चित अवधि खुलाई वढीमा एक वर्षसम्म सदस्यता निलम्वन गर्ने र मार्क प्रयोगमा रोक लगाउने,

(च) भविष्यमा समेत सदस्य हुन नपाउने गरी सदस्यता बदर गर्ने र मार्क प्रयोगमा रोक लगाउने,

(छ) मार्क प्रयोग सम्वन्धी अन्य उपयुक्त आदेश दिने ।

## परिच्छेद-६
## सेवा शुल्क

१७. **सेवा शुल्क** : (१) यस निर्देशिकाको कार्यान्वयनको लागि नियमित सुपरीवेक्षण गर्न तथा मार्कको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन, दर्ता र नविकरण गर्न प्रयोगकर्ताले प्रति केजी पचास पैसा शुल्क तिर्नु पर्नेछ ।

कार्यकारी निर्देशक

(२) उपदफा (१) बमोजिमको सेवा शुल्कमा समितिको सिफारिसमा बोर्डले प्रत्येक पाँच वर्षमा हेरफेर गर्नेछ ।

१८. **मार्क कोष सम्बन्धी व्यवस्था** : (१) दफा १७ बमोजिम संकलन भएको सेवा शुल्क एउटा छुट्टै कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम समितिको सिफारिस बमोजिम बोर्डले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मार्कको प्रवर्द्धन, दर्ता र नविकरण गर्न खर्च गर्नेछ ।

## परिच्छेद - ७
## विविध

१९. **अभिलेख राख्नु पर्ने** : (१) दफा ५ उपदफा (६) बमोजिम मार्क प्रयोग इजाजतपत्र दिइएका प्रयोगकर्ताहरुको विवरण बोर्डले अनुसूची-५ बमोजिमको ढाँचामा राख्ने र प्रत्येक वर्षमा अद्यावधिक गर्नेछ ।

(२) दफा ६ उपदफा (२) बमोजिम मार्क प्रयोग नविकरण गरेको प्रयोगकर्ताहरुको विवरण बोर्डले अनुसूची-६ बमोजिम राख्नेछ ।

२०. **मान्यता दिन सक्ने** : स्वीकृति प्राप्त स्वदेशी वा विदेशी प्रयोगशालाबाट चियाको परिक्षण भई आएको विवरण समितिलाई उपलब्ध गराएमा उक्त परिक्षण परिणामको अध्ययन गरी मान्यता दिन सकिनेछ ।

२१. **संशोधन** : यस निर्देशिका संशोधन गर्न आवश्यक ठानी समितिबाट सिफारिस भएमा बोर्डको कार्यकारी समितिले आवश्यक संशोधन गर्न सक्नेछ ।

२२. **विवाद समाधान** : (१) यस निर्देशिका कार्यान्वयनको सम्बन्धमा वा बोर्डले गरेको करार सम्बन्धमा कुनै विवाद परेमा आपसी सहमतीमा विवाद समाधान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम आपसी सहमतीमा विवाद समाधान हुन नसकेमा "मध्यस्ता ऐन, २०५७" बमोजिम विवाद समाधान गरिनेछ ।

२३. **व्याख्या गर्ने अधिकार** : यस निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार बोर्डको कार्यकारी समितिमा रहनेछ ।

२४. **बचाउ** : (१) यस निर्देशिकामा लेखिएका कुरा यसै निर्देशिका बमोजिम र सो वाहेकका कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) निर्देशिकाको कुनै कुरा प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

२५. **बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन उत्पन्न भएमा बोर्डको कार्यकारी समितीले बाधा अड्काउ फुकाउने कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको व्यवस्था यस निर्देशिका सरह मानी कार्यान्वयन गरिने छ ।

कार्यकारी निर्देशक

## अनुसूची - १

(दफा ३ उपदफा (२) सँग सम्बन्धित)

**" Nepal Tea:Quality from the Himalayas" मार्क यस प्रकारको हुनेछ ।**

NEPAL
QUALITY FROM THE HIMALAYAS

NEPALTEA
QUALITY FROM THE HIMALAYAS

C-00 M-00 Y-00 K-100
C-00 M-00 Y-00 K-80
C-40 M-00 Y-100 K-00

NEPALTEA
QUALITY FROM THE HIMALAYAS

**SIZE:** Minimum size of the logo shouldnt be less than 20 mm wide

कार्यकारी निर्देशक

अनुसूची - २

(दफा ५ उपदफा (१) सँग सम्बन्धित)

## मार्क प्रयोग गर्न दिनु पर्ने निवेदनको ढाँचा

श्री राष्ट्रिय चिया तथा कफी विकास बोर्ड,
मार्क अनुगमन, व्यवस्थापन तथा नियमन समिति,
.............................................................।

**विषय: अर्थोडक्स चियाको सर्टिफिकेसन ट्रेडमार्क प्रयोग गर्न इजाजतपत्र पाऊँ ।**

प्रस्तुत विषयमा .................. ब्राण्डको अर्थोडक्स चियालाई आन्तरिक / अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने शिलशिलामा यस संस्थालाई सर्टिफिकेसन ट्रेडमार्कको आवश्यकता परेको हुनाले नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४" को दफा ५ उपदफा (१) मा भएको व्यवस्था बमोजिम मार्क प्रयोग इजाजतपत्र पाउनका लागि देहाय बमोजिमको आवश्यक विवरण सहित यो निवेदन पेश गरेको छु ।

क) निवेदकको किसिम ( ) प्रशोधक ( ) प्याकेजर

ख) वार्षिक बिक्री गर्न अपेक्षित चियाको विवरणहरु:

| क.सं. | चियाको किसिम (ग्रेड) | परिमाण | दर | जम्मा मूल्य |
|---|---|---|---|---|
| १ | अर्थोडक्स (..................) | | | |
| २ | ग्रिन टि (....................) | | | |
| ३ | स्पेसियालिटि टि (.................) | | | |
| | कुल जम्मा | | | |

ग) निवेदक प्रशोधनकर्ता भए निम्न बमोजिम भर्ने

१. कारखानामा हरियो पत्तीको श्रोत:

( ) आफ्नै बगानको

( ) अन्य निजी बगानबाट खरिद गरिएको बगानको नाम ........................................................................

( ) साना किसानहरुबाट संकलन भएको समुह/सहकारीको नाम ........................................................
.......................................................................................................................................

२. प्रशोधन कारखानामा गुणस्तर नियन्त्रण गर्न लागु गएका मापदण्डहरु ................................................

घ) निवेदक प्याकेजर भए निम्न बमोजिम भर्ने

१. चिया खरिद गरिएको प्रशोधन कारखानाको नाम र ठेगाना ..................................................................
.......................................................................................................................................

२. चिया खरिद गरिएको प्रशोधन कारखानाको मार्क प्रयोग इजाजत नं.....................................

**स्वघोषण:** निर्देशिकाको दफा ८ बमोजिमका आचार संहिता र शर्तहरु पालना गरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग तथा भण्डारण गरिएको चियामा मात्र मार्क प्रयोग गर्नेछु/छौं । शर्त तथा आचार संहिता उलंघन गरेको पाइएमा यस निर्देशिका तथा प्रचलित कानुन बमोजिम कारबाही भोग्न तयार छु/छौं ।

**निवेदक**

नाम:..........................................

ठेगाना:.......................................

संस्था:........................................

छाप र मिति:..................................

**संलग्न कागजातहरु:**

क) दस्तुर बुझाएको सक्कल भौचर

ख) उद्योग, कम्पनी वा सहकारी दर्ताको प्रमाणीत प्रतिलिपि

ग) निवेदक प्रशोधनकर्ता भएमा हरियोपत्ती उत्पादक वा संकलन केन्द्रले दफा ९ उपदफा (२) बमोजिमको आचार संहिता पालना गरेको प्रतिवद्धता पत्र

घ) निवेदक चिया प्याकेजर भएमा चिया खरिद गरिएको प्रशोधनकर्ताको मार्क प्रयोग इजाजतपत्रको प्रतिलिपी

ङ) चियाको गुणस्तर नियन्त्रण सम्बन्धी प्रमाणपत्र भएमा त्यसको प्रतिलिपी

कार्यकारी निर्देशक

## अनुसूची - ३

(दफा ६ उपदफा (२) सँग सम्वन्धित)

### मार्क प्रयोग इजाजतपत्र नविकरण गर्न दिनु पर्ने निवेदनको ढाँचा

श्री राष्ट्रिय चिया तथा कफी विकास बोर्ड,
मार्क अनुगमन, व्यवस्थापन तथा नियमन समिति,
.............................................................।

**विषय: अर्थोडक्स चियाको सर्टिफिकेसन मार्क प्रयोग इजाजतपत्र नविकरण बारे ।**

प्रस्तुत विषयमा .............. ब्राण्डको अर्थोडक्स चियालाई आन्तरिक / अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने शिलशिलामा यस संस्थाले मार्क प्रयोग गर्दै आएको र हाल आएर यसको अवधि सकिएको हुनाले नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४" को दफा ६ उपदफा (२) मा भएको व्यवस्था बमोजिम नविकरण गर्नका लागि देहाय बमोजिमको आवश्यक विवरण सहित यो निवेदन पेश गरेको छु।

क) निवेदकको किसिम ( ) प्रशोधक ( )प्याकेजर

ख) गएको इजाजत अवधीमा मार्क प्रयोग गरी विक्री गरिएको चियाको विवरणहरु:

| क.सं. | चियाको किसिम (ग्रेड) | परिमाण | | सेवा शुल्क (रु) |
|---|---|---|---|---|
| | | आन्तरिक बजार | अन्तर्राष्ट्रिय बजार | |
| १ | अर्थोडक्स (..................) | | | |
| २ | ग्रिन टि (....................) | | | |
| ३ | स्पेसियालिटि टि (..................) | | | |
| | कुल जम्मा | | | |

ग) निवेदक प्रशोधनकर्ता भए निम्न बमोजिम भर्ने

१. कारखानामा हरियो पत्तीको श्रोत:
- ( ) आफ्नै बगानको
- ( ) अन्य निजी बगानवाट खरिद गरिएको बगानको नाम ..............................................................
- ( ) साना किसानहरुबाट संकलन गरिएको समुह/सहकारीको नाम ..................................................

.........................................................................................................................

२. प्रशोधन कारखानामा गुणस्तर नियन्त्रण गर्न लागु गरिएका मापदण्डहरु .........................................

घ) निवेदक प्याकेजर भए निम्न बमोजिम भर्ने

१. चिया खरिद गरिएको प्रशोधन कारखानाको नाम र ठेगाना ........................................................
.........................................................................................................................

२. चिया खरिद गरिएको प्रशोधन कारखानाको मार्क प्रयोग इजाजत नं....................................

**स्वघोषण:** निर्देशिकाको दफा ८ बमोजिमका आचार संहिताहरु पालना गरी उत्पादन, संकलन, प्रशोधन, प्याकिङ्ग तथा भण्डारण गरिएको चियामा मात्र मार्क प्रयोग गर्नेछु/छौं । शर्त तथा आचार संहिता उलंघन गरेको पाइएमा यस निर्देशिका तथा प्रचलित कानुन बमोजिम कारबाही भोग्न तयार छु/छौं ।

**निवेदक**

नाम:.........................................
ठेगाना:.........................................
संस्था:.........................................
छाप र मिति:.........................................

**संलग्न कागजातहरु:**

क) दस्तुर बुझाएको सक्कल भौचर
ख) उद्योग, कम्पनी वा सहकारी दर्ताको प्रमाणीत प्रतिलिपि
ग) निवेदक प्रशोधनकर्ता भएमा हरियोपत्ती उत्पादक वा संकलन केन्द्रले दफा १ उपदफा (२) बमोजिमको आचार संहिता पालना गरेको प्रतिबद्धता पत्र
घ) निवेदक चिया प्याकेजर भएमा चिया खरिद गरिएको प्रशोधनकर्ताको मार्क प्रयोग इजाजतपत्रको प्रतिलिपी
ङ) चियाको गुणस्तर नियन्त्रण सम्बन्धी प्रमाणपत्र भएमा त्यसको प्रतिलिपी
च) म्याद सकिएको मार्क प्रमाणपत्रको प्रतिलिपि

कार्यकारी निर्देशक

अनुसूची-४
(दफा ५ उपदफा (६) सँग सम्बिन्धित)
**मार्क प्रयोग इजाजतपत्रको ढाँचा**

नेपाल सरकार
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
नयाँ बानेश्वर, काठमाण्डौं

इजाजत नं. :-....... / २०...।...

## मार्क प्रयोग इजाजतपत्र

"नेपाली अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका, २०७४" को दफा ५ उपदफा (६) बमोजिम प्रशोधनकर्ता / प्याकेजर श्री ..............................................................................................लाई निर्देशिकामा उल्लेख भएका आचार संहिता पालना गर्ने शर्तमा आन्तरिक / अन्तर्राष्ट्रिय बजारामा विक्री गर्न ...................... ब्राण्डको अर्थोडक्स चियाको होलसेल/खुद्रा प्याकेटमा निम्न अवधिभर मार्क प्रयोग गर्न इजाजतपत्र प्रदान गरिन्छ ।

**इजाजतपत्र दिने अधिकारी**
नाम: ....................................
पद: ......................................
हस्ताक्षर: ................................
मिती: ..................................

**नविकरण**

| इजाजत जारी गरेको मिति | इजाजत समाप्त हुने मिति | मार्क प्रयोग गरी विक्री भएको कुल परिमाण (केजी) | सेवा शुल्क रु | नविकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**नोट:-** म्याद सकिएको पैंतिस दिन भित्र नविकरण गर्नु पर्नेछ । नविकरण नगरेको अवधिमा मार्क प्रयोग गरी चिया विक्री गरेको पाइएमा निर्देशिकाको दफा १६ बमोजिम कारबाही गरिनेछ ।

कार्यकारी निर्देशक

# अनुसूची -५

(दफा १९ उपदफा (१) सँग सम्बन्धित)

**मार्क प्रयोगकर्ताको अभिलेखको नमुना**

नेपाल सरकार
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
नयाँ बानेश्वर, काठमाण्डौं

| क्र. सं. | इजाजत नं. | संस्था | ठेगाना | ब्राण्ड | प्रयोगकर्ताको किसिम (✓ चिन्ह लाउने) | | बजारको किसिम (✓ चिन्ह लाउने) | | इजाजत अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रशोधनकर्ता | प्याकेजर | आन्तरिक | अन्तर्राष्ट्रिय | शुरु मिति | समाप्त मिति | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**अनुसूची -६**

(दफा १९ उपदफा (२) सँग सम्बिन्धित)

**मार्क प्रयोग नविकरण अभिलेखको नमुना**

नेपाल सरकार

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

नयाँ बानेश्वर, काठमाण्डौं

कार्यकारी निर्देशक

| क्र. सं. | इजाजत नं. | संस्था | ब्राण्ड | प्रयोगकर्ताको किसिम (✓ चिन्ह लाउने) | | मार्क प्रयोग गरी बिक्री गरिएको चियाको परिमाण | | | | | | सेवा शुल्क (रु) | इजाजत अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | राष्ट्रिय | | | अन्तर्राष्ट्रिय | | | | | | |
| | | | | प्रशोधनकर्ता | प्याकेजर | अर्थोडक्स | ग्रीन टि | स्पे. टि | अर्थोडक्स | ग्रीन टि | स्पे. टि | | शुरु मिति | समाप्त मिति | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

कार्यकारी निर्देशक

## अनुसूची-७

(दफा ८ उपदफा (१) सँग सम्वन्धित)

### १. हरियोपत्ती उत्पादकले पालन गर्नुपर्ने आचार संहिता

१.१. चियाको असल कृषि अभ्यास (Good Agriculturel Practice- GAP) अनुसरण गरी उत्पादन गरेको हुनुपर्छ।

१.२. सबै उत्पादकले आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्दछ।

१.३. दुई पात एक सुइरो मात्र टिप्नुपर्दछ।

१.४. बाँझी अवधीको टिप्नु पर्ने भए नरम बाँझी मात्र टिपाई गरेको हुनुपर्दछ।

१.५. मौसम अनुसार पत्ती बढ्ने भएकाले सो अनुसार पत्ती टिपाईको चक्र मिलाउनुपर्दछ।

१.६. हरियो पत्ती प्लास्टिकको जालीदार झोला वा डोकोमा टिप्नुपर्दछ।

१.७. टिपाई गर्दा अन्य झार, घाँस वा रुखको पातहरु मिश्रण हुनुहुँदैन।

१.८. हरियो पत्ती राख्ने सामाग्री रसायनिक मल तथा अन्य रसायनिक पदार्थको लागि प्रयोग गर्नुहुँदैन।

१.९. टिपाईका लागि प्रयोग गरिने सामाग्रीहरु फोहोरमैला र प्रदुषणमुक्त हुनुपर्दछ।

१.१०. टिपाई गर्ने सामाग्रीमा हरियो पत्ती खाँदेर वा थिचेर राख्नुहुँदैन।

१.११. पत्ती टिपी सके पछि र ढुवानी गर्नु अगाढी सितल छहारी भएको ठाऊँमा भण्डारण गर्नुपर्दछ।

१.१२. टिपेको बढीमा आठ घण्टा भित्र प्रशोधन केन्द्रमा लगी सक्नुपर्दछ।

१.१३. उत्पादकले दैनिक टिपाई, मल प्रयोग, काँटछाँट, गोडमेल तथा वगान व्यवस्थापनका अन्य कार्यहरुको अभिलेख राखेको हुनुपर्दछ।

१.१४. नेपाल लगायत अन्तर्राष्ट्रियस्तरमा प्रतिबन्धित कुनै पनि विषादीको प्रयोग गर्नुहुँदैन।

१.१५. हरेक उत्पादकले प्राङ्गारिक कृषि प्रविधि, रोग किरा व्यवस्थापन र माटोको उर्वराशक्ति व्यवस्थापन सम्वन्धी तालिम प्राप्त गरेको हुनुपर्दछ।

१.१६. उक्त तालिम नपाएका किसानको हकमा सम्बन्धित निकाय वा प्रशोधनकर्ताले यथाशीघ्र तालिमको व्यवस्था मिलाउनुपर्दछ।

१.१७. उत्पादक र प्रशोधनकर्ता बिच पत्तीको गुणस्तरियता, मूल्य र यस आचार संहिता बमोजिम कार्य गर्ने बारे लिखित सम्झौता गर्नुपर्दछ।

### २. हरियोपत्ती संकलन केन्द्र र ढुवानीकर्ताले पालन गर्नुपर्ने आचार संहिता

२.१. हरियो पत्ती संकलन गर्ने ठाउँमा सफा, हावा खेल्ने, घाम नपर्ने र प्रदुषणमुक्त हुनुपर्दछ।

२.२. संकलन केन्द्रमा हरियो पत्ती नबिग्रने गरी राख्नुपर्दछ।

२.३. संकलित हरियो पत्तीको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्दछ।

२.४. संकलन केन्द्रमा चियाको हरियो पत्ती बाहेक अन्य वस्तुहरु भण्डारण गर्नुहुँदैन।

२.५. भण्डारण तथा ढुवानी गर्दा प्रयोग गरिने प्लास्टिकको जाली झोला, डोको, धोक्रो सफा तथा सो प्रयोजनका लागि उपयुक्त हुनुपर्दछ।

२.६. ढुवानीका लागि प्रयोग गरिने सावरी साधन प्रदूषणमुक्त सफा तथा उक्त सवारी साधनले हरियो पत्तीसँग खाद्य वा अखाद्य वस्तु बोक्नुहुँदैन।

२.७. ढुवानीकर्ताले चलान नं., उत्पादकको विवरण, उत्पादकसंकेत नं. आदिको विवरण सङ्कलन गरेको हुनुपर्दछ।

### ३. चिया प्रशोधनकर्ताले पालन गर्नुपर्ने आचार संहिता

३.१. चियाको असल प्रशोधन अभ्यास (Good Manufacturing Practice- GMP) अनुसरण गरी उत्पादन गरेको हुनुपर्छ।

३.२. चिया प्रशोधनकर्ताले हरियो पत्ती लिँदा आचार संहिता नं.१ पालना गर्ने उत्पादक वा आचार संहिता नं. २ पालना गर्ने संकलन केन्द्रबाट मात्रखरिद गर्नुपर्दछ।

३.३. प्रशोधनकर्ताले उत्पादक तथा संकलन केन्द्रसँग गुणस्तर व्यवस्थापन, मूल्य र यस आचार संहिता बमोजिम कार्य गर्ने बारे लिखित सम्झौता गर्नुपर्दछ।

३.४. उत्पादकलाई हरियो पत्तीको उचित मूल्य दिनुपर्दछ।

३.५. प्रशोधनकर्ताले गुणस्तर नियन्त्रण गर्न मार्क प्रयोग गरिने चिया र नगरिने चिया छुट्टा छुट्टै रुपमा प्रशोधन तथा भण्डारण गर्नुपर्दछ।

३.६. प्रशोधन कारखानामा हरियो पत्ती आई पुग्ना साथ कारखानाको अधिकारीले हरियो पत्तीको

कार्यकारी निर्देशक

गुणस्तर बारे जाँच गर्नुपर्दछ ।प्रशोधन केन्द्रमा काम गर्ने कामदार वा आगन्तुकका लागि सफाई र सुरक्षा सम्वन्धी समाग्रीहरु प्रयोग गरेको हुनु पर्दछ ।

३.७. प्रशोधनकर्ताले कुन ठाउँको हरियो पत्ती हो भन्ने बारे दैनिक विवरण राखेको हुनुपर्दछ ।

३.८. चिया प्रशोधन गर्ने क्रममा हरेक चरणहरुमा गरेको कार्यको समय तथा अन्य विवरणहरु पुस्तिकामा अभिलेख राख्नुपर्दछ ।

३.९. चिया प्रशोधनकर्ताले हरियो पत्ती वा तयारी चियालाई अन्य कुनै अखाद्य वस्तुसँग मिश्रण वा दुषित(Contaminated) हुनुहुँदैन ।

३.१०. प्रशोधन कारखानामा मुसा तथा किरा आउन नदिन झ्याल ढोकामा तार जाली राख्ने जस्ता उपायको प्रयोग गर्नुपर्दछ ।

३.११. भण्डारण कक्ष कुनै पनि किरा नछिर्ने र ओस नआउने किसिमले बनाएको हुनुपर्दछ ।

३.१२. तयारी चिया प्याकिङ्गका लागि भित्रवाट एलमुनियम पत्र भएको कागजको बोरा वा भित्रवाट एलमुनियम पत्र भएको प्लाईउडको वक्सा प्रयोग गर्नुपर्दछ ।

३.१३. प्रशोधन कारखाना भित्र सिसा वा टुटफुट हुने सामानहरु हुनुहुँदैन ।

३.१४. प्रशोधन कारखानामा उचित पिउने पानीको व्यवस्था हुनुपर्नेछ । साथै, हात धुने ठाउँहरु आवश्यक मात्रामा हुनुपर्दछ ।

३.१५. प्रशोधन कारखानामा महिला तथा पुरुषका लागि छुट्टाछुट्टै लुगा फेर्ने कक्ष र शौचालयको व्यवस्था हुनुपर्दछ ।

३.१६. प्रशोधनपुर्व सबै मेसीन औजार राम्रोसँग सफा गर्नु पर्दछ र सोको लगबुक पनि राख्नुपर्दछ ।

३.१७. प्रशोधनकर्ताले प्रशोधन कक्ष, भण्डारण कक्ष तथा आसपासका क्षेत्रमा सरसफाईमा विशेष ध्यान दिनुपर्दछ ।

३.१८. प्रशोधनकर्ताले मार्क प्रयोग भएको चिया प्याकेजरलाई बिक्री गर्दा नविकरण गरेको इजाजतपत्रको प्रतिलिपी उपलब्ध गराउनुपर्दछ ।

३.१९. जिम्मेवार व्यवासय अभ्यास (Responsible Business practise) खपलाई अवलम्वन गरी उद्योग सञ्चालन गरिएको हुनुपर्दछ ।

## ४. चिया प्याकेजरले पालन गर्नुपर्ने आचार सहिता

४.१. प्याकेजरले मार्क प्रयोग गरेको प्रशोधनकर्तावाट मात्र चिया खरिद गर्नुपर्दछ ।

४.२. खरिदकर्ताको माग अनुसार चियालाई विभिन्न तौल प्याक गर्न सकिन्छ ।

४.३. प्याकिङ्ग सामाग्रीको रुपमा प्रयोग हुने कागज, जूट, काठको बाकस, आल्मुनियम फोईल, टीन, पेपर श्याक्स तथा अन्य वस्तुहरु पूर्णरुपले मानव स्वास्थ्य तथा वातावरण मैत्री एवम् खाद्य योग्य (Food grade) हुनुपर्दछ ।

४.४. प्याक गर्दा दुई पत्रले गर्नुपर्दछ । भित्री पत्रले ओसबाट जोगाउने र बाहिरी पत्रले भित्री पत्रलाई जोगाउनुका साथै लेवल लख्ने प्रयोजनका लागि प्रयोग गर्नुपर्दछ ।

४.५. प्याकिङ्ग आकर्षक र सजिलो हुनु पर्दछ ।

४.६. प्याक गरिएको चियाको लेबलमा उत्पादन तथा प्याकिङ्ग मिति, उपभोग गर्ने अन्तिम मिति, चियाको किसिम, ग्रेड, बगान स्थल, कारखाना स्थल, तौल र अधिकतम मूल्य स्पष्टसँग लेखेको हुनुपर्दछ ।

४.७. प्याकिङ्ग गरेको चियामा आवश्यक छाप, लोगो राख्नु पुर्व गुणस्तर मापन गर्ने अधिकारीबाट निरिक्षण गरी अनुमोदित हुनुपर्दछ ।

४.८. प्याकेजरले आफ्नो भण्डारण कक्ष तथा आसपासका क्षेत्रमा स्वास्थ्य तथा सरसफाईमा विशेष ध्यान दिनुपर्दछ ।

४.९. खाद्य वस्तु प्याकिङ्ग सम्वन्धी नेपाल सरकारद्धारा जारी गरिएको अन्य कुनै मापदण्ड भएमा सो समेत पालना गरिएको हुनुपर्दछ ।

## ५. चिया बितरकले पालन गर्नुपर्ने आचार संहिता

५.१. वितरकले मार्क प्रयोग गरेको प्रशोधनकर्तावाट मात्र चिया खरिद गर्नुपर्दछ ।

५.२. चिया बितरकले चियालाई अन्य कुनै अखाघ वस्तुसँग मिश्रण वा दूषित पारी विक्री गर्नुहुँदैन ।

५.३. चिया ओसार पसार गर्दा पनि सम्भाव्य प्रदुषण तथा मिसावटवाट बचाउनुपर्दछ ।

कार्यकारी निर्देशक

५.४. ठुलो परिमाणको कारोवार गर्ने व्यवसायीले खुद्रा विक्रेतालाई समेत वस्तुको गुणस्तर नविग्रने गरी ओसार पसार एवं वजारीकरण गर्नका लागि सुचित गर्नुपर्दछ ।

५.५. थोक तथा खुद्रा विक्रेताको तहसम्म चिया ओसार पसार गर्दा गुणस्तरमा गिरावट आउनुहुँदैन ।

५.६. प्रशोधनकर्ता देखि खुद्रा विक्रेतासम्मको तहमा वस्तुको गुणस्तर उच्च राख्न आवश्यक काम गर्नुपर्नेछ ।

५.७. उत्पादक, प्रशोधनकर्ता र प्याकेजरले जस्तै वजारीकरण गर्ने निकायले पनि आचार संहितामा उल्लेखित सवै वुँदाहरु पालना गर्नुपर्दछ ।

## ६.सामाजिक तथा वातावरणियस्तरमा सबैले पालना गर्नु पर्ने आचार संहिता

६.१. चियाको खेती, उत्पादन, ढुवानी, प्रशोधन वा निकासी गर्दा "श्रम ऐन, २०४८" तथा सो अन्तर्गत वनेको नियमावली बमोजिमको श्रम कानून सम्बन्धी व्यवस्था पालना गर्नुपर्दछ ।

६.२. चियाको खेती, ढुवानी, प्रशोधन वा निकाशीसँग सम्वन्धित कामदारसँग नियमित अन्तर्क्रिया गर्नुपर्दछ ।

६.३. चिया वगान वा कारखाना वरिपरिको स्थानीय समुदायसँग सुमधुर सम्वन्ध कायम राखी समय समयमा अन्तर्क्रिया गर्नुपर्दछ ।

६.४. आचार संहिता ६.२ र ६.३ बमोजिम अन्तर्क्रिया गर्दा कामदार वा समुदायको कुनै मनासिव पिरमर्का वा गुनासो भए त्यसलाई अविलम्ब सम्बोधन गर्नुपर्दछ ।

६.५. प्रयोगकर्ताले आफूले गरेको व्यवसायमा पारदर्शिता कायम गर्नुपर्दछ ।

६.६. उत्पादकले भू-क्षय हुनवाट जोगाउन भूवनोट अनुसार भू-क्षय संरक्षण तथा जल व्यवस्थापनाका उपाय तथा तरिकाहरु कडाइका साथ पालन गर्नुपर्दछ ।

६.७. प्रयोगकर्ताले वातावरणीय सन्तुलनमा दखल पुग्ने कुनै पनि कार्य गर्नुहुँदैन ।

६.८. आफुसँग आवद्ध कामदार तथा कर्मचारीलाई नेपाल सरकारको नियम अनुसार उचित ज्याला/तलव प्रदान गर्नुपर्दछ ।

६.९. चिया खेती उत्पादन, प्रशोधन तथा प्याकेङ्गमा संलग्न कुनै पनि मजदुरलाई लिंग, जाती, भाषा, धर्म, संस्कृती आदीका आधारमा गर्नुहुँदैन ।